# सम्झौतापत्र

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ अन्तर्गत स्थापित काठमाडौं विश्वविद्यालय धुलिखेल र संस्था दर्ता ऐन, २०३४ अन्तर्गत स्थापित धुलिखेल अस्पताल, धुलिखेल, काभ्रेका बीच तपसीलका शर्त बन्देजका अधिनमा रही धुलिखेल अस्पताल ( यसपछि अस्पताल भनिएको ) लाई काठमाडौं विश्वविद्यालय (यसपछि विश्वविद्यालय भनिएको) मेडिकल स्कूल (KUMS) द्वारा सञ्चालित एम.बी.बी.एस. कार्यक्रम तथा मेडिकल सम्बन्धी अन्य कार्यक्रमको शिक्षण अस्पतालको रुपमा निर्वाध प्रयोग गर्न दिने सम्झौता निम्न बमोजिम सम्पन्न भएको छ ।

१. विश्वविद्यालय र अस्पताल एक आर्काको पुरक भई परस्पर अभिन्न अङ्गका रुपमा कार्य गर्दै विश्वविद्यालयले सम्झौता भएको मितिले ५० वर्षसम्म धुलिखेल अस्पताललाई विश्वविद्यालय शिक्षण अस्पतालको रुपमा विकास तथा प्रयोग गर्ने परस्पर सहमति भएको छ ।

२. धुलिखेल अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गरेवापत विश्वविद्यालयले वार्षिक अनुदान अस्पताललाई उपलब्ध गराउने छ, जुन रकम अस्पतालले शिक्षण अस्पतालको लागि आवश्यक न्यूनतम पूर्वाधार विकास र सञ्चालनमा खर्च गर्नेछ । अनुदान रकम शिक्षण अस्पताल सञ्चालक समितिका तर्फबाट विश्वविद्यालयसंग माग गरिनेछ र स्वीकृत बजेटका अधिनमा रही आपसी सहमतिका आधारमा अनुदान रकम उपलब्ध गराइनेछ ।

(स्पष्टीकरण : न्यूनतम पूर्वाधार भन्नाले नेपाल मेडिकल काउन्सिलद्वारा तोकिएको र समय समयमा तोकिने मापदण्ड अनुसार क्लिनिकल विभागहरुको स्थापना, सञ्चालन, आवश्यक फ्याकल्टी संख्या र समुदायमा आधारित स्वास्थ्य सम्बन्धी व्यवस्था बुझ्नु पर्नेछ ।)

३. अस्पतालमा काम गर्ने सबै चिकित्सकहरुले विश्वविद्यालयले निर्धारण गरेको मापदण्डका अधिनमा रही समान अवसर पाउनेछन् ।

४. विश्वविद्यालयबाट थप शिक्षण अस्पताल बनाउनु पर्दा काभ्रेको चौकोटमा Superspeciality Hospital समेतको निर्माण गर्न सकिनेछ । यसरी अस्पताल निर्माण गर्दा धुलिखेल अस्पतालको सल्लाह पनि लिइनेछ ।

५. विश्वविद्यालयको मेडिकल स्कूलमा कार्यरत फ्याकल्टी र अन्य कर्मचारीहरुले अस्पतालमा काम गर्नु पर्नेछ र सो को सेवा शर्त शिक्षण अस्पताल सञ्चालक समितिबाट तोकिए बमोजिम हुनेछ ।

६. विश्वविद्यालय शिक्षण अस्पतालको रुपमा धुलिखेल अस्पताललाई प्रयोग गर्दा आइपर्ने समस्याहरुको निराकरण गर्न र यो सम्झौतामा तोकिए बमोजिम भनिएको विषयहरु तोक्ने, हेरफेर गर्ने जस्ता आदि कार्य गर्न र यो सम्झौतामा नपरेका व्यवस्थाहरु गर्न गराउन देहाय बमोजिम शिक्षण अस्पताल सञ्चालक समिति रहनेछ । यस सम्झौतामा परेका व्यवस्थाहरुलाई आवश्यकता अनुरुप अस्पतालको विधान एवं विश्वविद्यालयको स्कूल अफ मेडिकल साइन्सेजको नियम बनाइ सो मा व्यवस्था गरेर लागु गर्न सकिनेछ ।

## शिक्षण अस्पताल सञ्चालक समितिको बनोट

| | | |
|---|---|---|
| (क) | उपकुलपति, काठमाडौं विश्वविद्यालय | -अध्यक्ष |
| (ख) | अध्यक्ष, धुलिखेल अस्पताल कार्यकारी समिति | -उपाध्यक्ष |
| (ग) | रजिष्ट्रार, काठमाडौं विश्वविद्यालय | -सदस्य |
| (घ) | डीन,स्कूल अफ मेडिकल साइन्सेज, का.वि. | -सदस्य |
| (ङ) | प्रोग्राम डाइरेक्टर, KUMS काठमाडौं विश्वविद्यालय | -सदस्य |
| (च) | लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट एक जना | -सदस्य |
| (छ) | प्रशासकीय प्रमुख, धुलिखेल अस्पताल | -सदस्य |
| (ज) | प्रमुख, नर्सिङ्ग विभाग | -सदस्य |
| (झ) | अस्पताल निर्देशक, धुलिखेल अस्पताल | -सदस्य-सचिव |

माथि (च) बमोजिम व्यक्तिको सहवरण ३ वर्षको लागि शिक्षण अस्पताल सञ्चालक समितिले गर्नेछ ।

७. अस्पतालको प्रवेशद्वारमा काठमाडौं विश्वविद्यालय, शिक्षण अस्पतालको पहिचान हुने साइन बोर्ड राखिनेछ ।

८. शिक्षण अस्पतालको रुपमा प्रयोग गर्दा अस्पताल प्रशासन, Kathmandu University Medical School (KUMS), Faculty, विद्यार्थी र विरामी सबैको सुविधालाई ध्यानमा राखी फ्याकल्टी, विद्यार्थी, अस्पतालका कर्मचारीहरुले पालन गर्नुपर्ने आचार सहिंता (Code of Conduct) बनाइ लागू गरिनेछ । उक्त आचार सहिंताको अनुमोदन र संशोधन काठमाडौं विश्वविद्यालय शिक्षण अस्पताल सञ्चालक समितिले गर्नेछ ।

९. यस सम्झौतामा नलेखिएका कुराहरु विश्वविद्यालय ऐनमा र सो अन्तर्गत बनेका नियमहरु र धुलिखेल अस्पतालको विधान एवं नियमावलीमा उल्लेख भएका प्रावधानहरु एवं यसै सम्झौताबाट खडा गरिएको शिक्षण अस्पताल सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

१०. शिक्षण अस्पतालको रुपमा धुलिखेल अस्पताल सञ्चालन गर्दा कुनै मतभेद वा विवाद उत्पन्न भएमा सो को निराकरण दुवै पक्षको आपसी सहमतिबाट गरिनेछ । दुवै पक्षको आपसी सहमतिबाट समस्याको निराकरण हुन नसकेको अवस्थामा पनि यस सम्झौताका अन्य शर्तहरु यथावत् कायम रही काठमाडौं विश्वविद्यालय शिक्षण अस्पतालको कार्यक्रम रोकिने छैन । आपसी सहमतिबाट समाधान हुन नसकेमा मुलुकमा प्रचलित मध्यस्थता ऐन बमोजिम हुनेछ ।

११. यो सम्झौता रद्द गर्नु परेमा दुवै पक्षले मनासिव माफिकको कारण सहित ५ वर्ष अगाडि लिखित सूचना अर्को पक्षलाई दिनुपर्नेछ र अर्को पक्षले सो सूचना लिखित प्रतिउत्तर पठाइ अनुमोदन गर्नुपर्नेछ । तर यसरी सम्झौता गर्दा सञ्चालनमा रहेका शिक्षण कार्यक्रमहरुलाई नकारात्मक असर नपर्ने गरी गर्नुपर्नेछ ।

१२. यो सम्झौतालाई दुवै पक्षको सहमतिबाट संशोधन, नविकरण गर्न सकिनेछ । संशोधन भएको अंश यसै सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

१३. अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालको रुपमा रुपान्तरण गर्दै लैजान आवश्यकता अनुसार दुवै पक्षको नियम एवं विधानहरुमा परिमार्जन गरिनेछ ।

यो सम्झौता काठमाडौं विश्वविद्यालय कार्यकारी परिषद् र धुलिखेल अस्पतालको कार्यकारिणी समितिको निर्णय बमोजिम काठमाडौं विश्वविद्यालयका उपकुलपति एवं धुलिखेल अस्पतालका निर्देशकले सहिछाप गरेको मितिदेखि लागु हुनेछ ।

सुरेशराज शर्मा
---
डा. सुरेशराज शर्मा
उपकुलपति
काठमाडौं विश्वविद्यालय
धुलिखेल, काभ्रे ।

KATHMANDU UNIVERSITY
२०४८ — 1991

---
डा. रामकण्ठ माकजू श्रेष्ठ
निर्देशक
धुलिखेल अस्पताल
धुलिखेल, काभ्रे ।

DHULIKHEL HOSPITAL
1996
NEPAL

साक्षी
सीताराम अधिकारी
डा. सीताराम अधिकारी
रजिष्ट्रार
काठमाडौं विश्व विद्यालय

साक्षी
श्री बेल प्रसाद श्रेष्ठ
अध्यक्ष
कार्यकारीणी समिति, धुलिखेल अस्पताल

ईति सम्वत २०५९ साल चैत्र १९ गते ४ रोज शुभम् ................. ।